# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, मंसीर २७ गते २०४७ साल (अतिरिक्ताङ्क ४४

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

४८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय (पाँचौं संशोधन) ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन २०४७ साल जेठ १९ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ मा दफा ३० ख. थपः त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ को दफा ३० क. पछि देहाएको दफा ३० ख. थपिएकोछः–

"३० ख. विशेष व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि २०४७ साल जेठ १९ गतेदेखि २०४७ साल मंसीर मसान्तसम्म देहाएका सदस्यहरू भएको समितिले सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद् र छनौट समितिको काम, कर्तव्य र अधिकार प्रयोग गर्न सक्नेछः–

(क) उप-कुलपति– अध्यक्ष
(ख) शिक्षाध्यक्ष– सदस्य
(ग) रजिष्ट्रार– सदस्य
(घ) उप-कुलपतिले तोकेको व्यक्ति– सदस्य

(२) उप-दफा (१) बमोजिमको समितिले गरेको काम कारवाही सम्बन्धित सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद् र छनौट समितिले गरे सरह मानिनेछ ।"

लालमोहर सदर मिति २०४७।८।२७।५

आज्ञाले,
डा. गजेन्द्रमणि प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

650



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।